नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कालीकोट

फोन नं. ०८७ - ४४०११२
फ्यास नं. ०८७ - ४४०१६२
Email : dao.kalikot@gmail.com
daokalikot@moha.gov.np

पत्र संख्या : २०८२/०८३
चलानी नं.

मिति:२०८२।०५।३१
ने.सं.११४५

## सार्वजनिक सवारीवाट यात्रा गर्दा अपनाउनु पर्ने सावधानी सम्बन्धी सूचना।

सुरक्षित, मर्यादित र भरपर्दो सार्वजनिक यातायात सबै कालीकोटवासी नागरिकको चाहाना हो। भौगोलिक विकटता, सडक पूर्वाधारको कमजोर अवस्था, चालकको असावधानी र ट्राफिक नियमको न्यून पालनाको कारण यस जिल्लामा सवारी दुर्घटना हुने जोखिम उच्च रहेकोले सवारी धनी, चालक, सहचालक र यात्रीहरुले देहायका शर्तहरु पालना गर्नु गराउनु हुन सबैमा हार्दिक अनुरोध छ।

शर्तहरुः

- यात्रा गर्नुपूर्व मौसम सम्बन्धी जानकारी लिई यात्राका लागि आवश्यक तयारी पुरा गरी यात्रा गर्ने।
- यात्रा गर्दा अनिवार्य रुपमा बस, जीपको टिकट लिई सिट सुरक्षित गरेर मात्र यात्रा गर्ने।
- यात्रा गर्दा मादक पदार्थ र अन्य नसालु पदार्थ सेवन नगर्ने।
- चालक एवं सहचालकबाट मादक पदार्थ एवं नसालु पदार्थ लिए नलिएको यकिन गर्ने/त्यस्तो जानकारी भएमा तुरुन्त ट्राफिक प्रहरीलाई जानकारी दिने।
- सार्वजनिक यातायातको लागि तोकिएको भन्दा बढी भाडा नतिर्ने/कसैले अतिरिक्त रकम माग गरेमा प्रमाण सहित ट्राफिक कार्यालय वा सुरक्षा निकायमा जानकारी दिने।
- सार्वजनिक यातायातको क्षमता भन्दा बढी यात्रा हुने गरी कसैले यात्रा नगर्ने नगराउने।
- चालकले ट्राफिक नियम पलना गरे नगरेको निगरानी गर्ने, सो सम्बन्धी सूचना ट्राफिक प्रहरीलाई यथाशीघ्र दिने।
- यात्रामा कसैले दिएको शंकास्पद सामान नलिने, ढुवानी नगर्ने/आफ्नो साथमा नराख्ने साथै खाद्य पदार्थको सेवन नगर्ने।
- ज्येष्ठ नागरिक, सुत्केरी, अपाङ्ग, वालवालिकालाई यात्रु सिट लगायतका सेवामा प्राथमिकता दिन सबैले पहल गर्ने।
- सवारी चालक, यात्रु, सवारी धनी, राष्ट्र सेवक कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता पालना नगरेमा देहायको नम्वरमा गुनासो/सूचना गर्नुहुन जानकारी गराइन्छ।

२०८२/०५/२९
सहायक प्रमुख जिल्ला अधिकारी

सम्पर्क नम्वरहरुः

(क) जिल्ला प्रशासन कार्यालय, कालीकोट ९८५८३३७७७७
(ख) जिल्ला प्रहरी कार्यालय, कालीकोट १००/९८५८३३५५५५
(ग) सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म, कालीकोट ९८४९५१६९९६
(घ) जिल्ला ट्राफिक कार्यालय, कालीकोट, ९८६०११९४४२